# सूचना हक सम्बन्धी ऐन २०६४ को दफा ५ उपदफा (३) बमोजिम हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेडसंग सम्बन्धित देहायका आ.व. २०७८/०७९ प्रथम त्रैमासको सूचना अध्यावधिक गरि प्रकाशन गरिएको छ ।

१. **निकायको स्वरुप र प्रकृतिः** कम्पनी ऐन, २०६३ बमोजिम २०४५ साल मार्ग ४ गते नेपाल सरकार, उद्योग तथा वाणिज्य मन्त्रालय, वाणिज्य विभागमा दर्ता भई यो कम्पनी पब्लिक लिमिटेड कम्पनीको रुपमा स्थापना भएको हो । मिति २०५० श्रावण ६ गते बीमा समितिबाट निर्जीवन बीमा व्यवसाय गर्ने बिमकको प्रमाण पत्र पाई नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयबाट २०५० श्रावण १३ गतेमा कारोवार सुरु गर्ने इजाजत पत्र प्राप्त गरि २०५० मार्ग १६ गतेदेखि निर्जीवन बीमाको कारोवार गर्दै आएका छौं ।

२. **निकायको काम, कर्तब्य र अधिकारः** केन्द्रिय कार्यालय थापागाँऊ, काठमाण्डौमा भएको यस कम्पनीले देशको विभिन्न स्थानमा गरि जम्मा ८ वटा शाखा, २२ वटा उपशाखा कार्यालयहरुवाट कम्पनीको प्रवन्धपत्र र नियमावलीको अधिनमा रही आफ्नो काम कर्तव्य र अधिकारहरू प्रयोग गरि व्यवसाय संचालन गर्दै आएको छ ।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः** हाल यस कम्पनीमा स्थायी, अस्थायी र करारसेवामा समेत गरि २०७ जना कर्मचारी कार्यरत छन् ।
आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०६३ तथा कर्मचारी नियमावली, २०७५ र बीमकको सस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ बमोजिम कर्मचारीहरूको कार्य बिभाजन गर्दै आएको छ ।

४. **निकायबाट प्रदान गरिने सेवाः** विभिन्न निर्जिवन बीमा सेवाहरू जस्तै सम्पत्ती, सामुद्रिक, मोटर, हवाई, ईन्जिनियरिङ्ग, विविध, कृषी तथा पशु र लघु बीमा सेवा प्रदान गरिदै आएको छ ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः** केन्द्रीय कार्यालय, थापागांउको हकमा प्रमुख कार्यकारी अधिकृत, नायव महाप्रबन्धकहरू, विभागिय प्रमुखहरू र शाखा तथा उपशाखा कार्यालयहरूको लागि सम्बन्धित प्रमुखहरू जिम्मेवार हुनेछ ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः** यस कम्पनीले गर्ने वीमाहरू वीमा समितिवाट जारी भएका निर्देशन वमोजिमको दर रेटमा र दर रेट नतोकिएका वीमाको हकमा अण्डरराईटिङ्ग विभागवाट तोकिए वमोजिम वा पूनर्विमकहरूवाट तोकिए वमोजिमका वीमाशुल्क भुक्तानी भएपछि तत्काले वीमालेख उपलब्ध गराउने व्यवस्था गरिएको छ । दावीको हकमा सर्भेयरको प्रतिवेदन प्राप्त भएपछि वा आवश्यक न्यूनतम कागजात प्राप्त भएको १५ दिन भित्रमा भुक्तानी गरिने व्यवस्था छ ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकारीः** आर्थिक प्रशासन सम्वन्धि विनियमावली तथा कर्मचारी नियमावली बमोजिम शाखा प्रमुख, विभागिय प्रमुख, नायब महाप्रबन्धक तथा प्रमुख कार्यकारी अधिकृतलाई सांगठनिक स्वरुप अनुसार निर्णय गर्ने अधिकारी तोकिएको छ ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारीः** उजुरीको प्रकृती अनुसार शाखा प्रमुख, विभागिय प्रमुख, नायब महाप्रबन्धक, कम्पनी सचिव तथा प्रमुख कार्यकारी अधिकृतलाई निर्णय उपर उजुरी सुन्ने अधिकारी तोकिएको छ ।

९. **सम्पादन गरेको कामको विवरणः** बीमा ऐन, २०४९ तथा वीमा नियमावली, २०४९, तथा वीमा समितिको निर्देशन र परिपत्र वमोजिम निर्जिवन वीमा सेवाका सम्पूर्ण सेवाहरू कम्पनीले सम्पादन गर्दै आएको छ ।

१०. **सूचना अधिकारी र प्रमुखको नाम एवं पदः**
सूचना अधिकारी (नायब महाप्रबन्धक) को नामः श्री ध्रुव प्रसाद न्यौपाने, मोवाईल नं. ९८५१०५१७५३
प्रमुख कार्यकारी अधिकृतः श्री सुशील बज्राचार्य, मोवाईल नं. ९८५१०५१७५८

११. **ऐन, नियम, विनिमय वा निर्देशिकाको सूचीः** सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशनहरू यस कम्पनीले पालना गर्दै देहाय वमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरू निर्जिवन वीमा व्यवसायको लागि प्रमुख रहेका छन् ।
क) कम्पनी ऐन, २०६३ तथा कम्पनी नियमावली, २०६४
ख) वीमा ऐन, २०४९ तथा वीमा नियमावली, २०४९
ग) धितोपत्र ऐन, २०६३ तथा धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३
घ) करार ऐन, २०५६ तथा नियमावली
ङ) सम्पत्ती शुद्धीकरण निवारण ऐन, २०६४ तथा सम्पत्ती शुद्धीकरण निवारण नियमावली, २०७३
च) वीमा समितिवाट जारी गरिएका सम्पूर्ण निर्देशनहरू तथा परिपत्रहरू
छ) सम्पत्ती सुद्धिकरण तथा आतंककारी कृयाकलापमा वित्तिय लगानी निर्देशिका, २०७४ तथा
ज) अण्डराईटिङ्ग तथा दावी सम्वन्धि म्यानुयलहरू, पूनर्विमा नीति, आर्थिक प्रशासन सम्वन्धि विनियमावली, २०६३ तथा कर्मचारी नियमावली, २०७५

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धि अध्यावधिक विवरणः** कम्पनीको आम्दानी खर्च वित्तीय अध्यावधिक विवरण त्रैमासिक रूपमा राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ साथै कम्पनीको वेव साईट www.hgi.com.np मा समेत उपलव्ध छ ।

१३. **तोकिए बमोजिमका अन्य विवरणः** नभएको ।

१४. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरणः**
यस कम्पनीवाट समय समयमा घुम्ती बीमाको माध्यमवाट बीमा सेवा प्रदान गर्दै आएका छौ । साथै प्रथम त्रैमासिक अवधीमा कृषी बीमाको अभिकर्ता तालिम संचालन गरिएकोमा ४१ जनाको सक्रिय सहभागिता थियो ।

१५. **सार्वजनिक निकायको वेभसाइट भए सो को विवरणः** www.hgi.com.np

१६. **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भएको भए सोको विवरणः**
यस त्रैमासिक अवधीमा कम्पनीको स्वामित्वमा रहेको बबरमहल, काठमाण्डौ स्थित जग्गामा कर्पोरेट भवन निर्माण कार्य जारी छ ।


**हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेड**
**HIMALAYAN GENERAL INSURANCE COMPANY LIMITED**
केन्द्रिय कार्यालयः वडा नं.१०, थापागांउ, काठमाण्डौं, पो.ब.नं.१४८
फोन नं. ५२४५०९०, ५२४५०९६ फ्याक्स नं. ५२४५०९९